नेपाल सरकार
शिक्षा,विज्ञान तथा प्रविधि मन्त्रालय
शिक्षा तथा मानव स्रोत विकास केन्द्र
सानोठिमी,भक्तपुर

पत्र संख्या :
चलानी नं. :

मिति: २०७७/११/०६

**विषय: विज्ञसूची सम्बन्धमा ।**

प्रस्तुत विषयमा यस केन्द्रले सम्बन्धित विज्ञहरुबाट देहायबमोजिमका विषयका सामग्रीहरू तयार गर्ने भएकाले तोकिएबमोजिम योग्यता पुगेका इच्छुक नेपाली नागरिकले निम्नानुसारको विवरणसहित सूचना प्रकाशन भएको ७ (सात)दिनभित्र यस केन्द्रमा आइपुग्ने गरी रु.१० को टिकट टाँसी तोकिएको ढाँचामा निवेदन दर्ता गराउनुहुन यो सूचना प्रकाशन गरिएको छ ।

**१.विषयहरू**
(क) माध्यमिक तह अन्तर्गत कक्षा ११ का अनिवार्य अंग्रेजी, नेपाली र सामाजिक अध्ययन तथा जीवनोपयोगी शिक्षा विषयहरूमा खुला शिक्षातर्फका स्वाध्याय सामग्रीहरू
(ख) अनौपचारिक शिक्षा तथा जीवनपर्यन्त सिकाइ अन्तर्गत राष्ट्रिय योग्यता प्रारुपमा उल्लेख भएबमोजिम तह १ देखि ३ सम्म(आधारभूत तह समकक्षी) विषयगत नमूना सिकाइ सामग्रीहरू

**२. सर्तहरू**
(क) विज्ञहरूको सूची दर्तासम्बन्धी निवेदन शिक्षा तथा मानव स्रोत विकास केन्द्रको वेवसाइडमा उपलब्ध गराइएको(यसैसाथ संलग्न) ढाँचाबमोजिम हुनुपर्ने छ । निवेदनमा उल्लिखित कुराको पुस्ट्याइँ कागजातहरू संलग्न हुनुपर्ने छ ।
(ख) क्र.सं.१ को (क) र (ख) का विषयहरूका सन्दर्भमा विज्ञसूचीमा नाम दर्ता गर्न आधारभूत तहसँग सम्बन्धित सामग्री लेखनका लागि सम्बन्धित विषयमा न्यूनतम स्नातक तह उत्तीर्ण र कक्षा ११ का हकमा न्यूनतम स्नातकोत्तर तह उत्तीर्ण गरी सो विषयको प्राध्यापक वा पाठ्यक्रम विज्ञ वा सम्बन्धित विषयको लेखक वा शिक्षक वा मूल्याङ्कन कर्ता वा अनौपचारिक शिक्षा तथा खुला विद्यालय शिक्षा विषय विज्ञ हुनुपर्ने छ ।
(ग) योग्यता, अनुभव र अन्य कागजात (स्थायी लेखा नं., योग्यता प्रमाणपत्र प्रतिलिपि र नेपाली नागरिकताको प्रमाणित प्रतिलिपि)मा सम्बन्धित व्यक्तिले प्रमाणित गरेको हुनुपर्ने छ । इमेलबाट आवेदन पठाउने आवेदकहरूले योग्यताको प्रमाणपत्र, नेपाली नागरिकताको प्रमाणित प्रतिलिपि र अन्य कागजात स्क्यान गरी पठाउनुपर्ने छ ।
(घ) विज्ञको सूचीकरण तथा परिचालनसम्बन्धी अन्तिम निर्णय गर्ने अधिकार शिक्षा तथा मानव स्रोत विकास केन्द्रमा निहित रहने छ ।
(ङ) प्रत्येक विषयमा कम्तीमा २ जना लेखकहरूको सहकार्यमा लेखनकार्य गर्नुपर्ने छ ।
(च) अनौपचारिक तथा आजीवन सिकाइ तथा खुला शिक्षासम्बन्धी पाठ्यपुस्तक, सन्दर्भ सामग्री, स्वाध्याय सामग्री तथा सिकाइ सामग्री लेखनमा अनुभव भएको हुनुपर्ने छ ।
छ) इमेल ठेगाना: mishrabimala28@gmail.com
वेवसाइड: cehrd.gov.np
सम्पर्क व्यक्ति: विमला मिश्र, ९८५१२३४३४३

..................
गणेशप्रसाद पौडेल
निर्देशक

नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
शिक्षा तथा मानव स्रोत विकास केन्द्र
सानोठिमी, भक्तपुर

श्रीमान महानिर्देशकज्यू
शिक्षा तथा मानव स्रोत विकास केन्द्र
सानोठिमी, भक्तपुर

विषय: विषय विज्ञमा सूचीकृत हुन पाऊँ ।

प्रस्तुत विषयमा शिक्षा तथा मानव स्रोत विकास केन्द्रमा देहायबमोजिमका विषयमा विज्ञका रुपमा सूचीकृत हुन तपसिलको विवरणसहित यो निवेदन पेश गरेको छु ।

तपसिल:

नाम थर:
स्थायी ठेगाना:
जिल्ला..................प्रदेश..............................न.पा./गा.पा...............................वडानं........टोल...................
सम्पर्क नं................................इमेल ठेगाना:..............................
कार्यरत भए संस्थाको नाम: ...........................................................ठेगाना..........................................

(क) विषय विज्ञका रूपमा सूचीकृत हुन चाहेको विषय(प्राथमिकता क्रमअनुसार दुई विषयसम्म)

| क्र.सं. | विज्ञका रूपमा सुचीकृत हुन चाहेको विषय | विज्ञको रूपमा रहन चाहेको तह/क्षेत्र | विषयसँग सम्बन्धित सम्पादन गरेको कार्य अनुभव वर्ष |
|---|---|---|---|
| १. | | | |
| २. | | | |

(ख) शैक्षिक योग्यता(विषय विज्ञका लागि तोकिएको न्यूनतम र सोभन्दा माथिल्लो योग्यता भए सोसमेत)

| उपाधि | अध्ययन गरेको विषयहरु | उत्तीर्ण बोर्ड | उत्तीर्ण वर्ष | उत्तीर्ण श्रेणी |
|---|---|---|---|---|
| | | | | |
| | | | | |

(ग) तालिम

| तालिमको नाम | तालिम अवधि | तालिम दिने निकाय | तालिम सम्पन्न वर्ष |
|---|---|---|---|
| | | | |

(घ) लेखन अनुभव( विषयसँग सम्बन्धित कुनै पुस्तक, सन्दर्भ सामग्री, सिकाइ सामग्री, लेख रचना, अनुसन्धान आदि कार्य गरेको भए)

| क्र.सं. | सामग्रीको नाम | प्रयोजन | प्रकाशन वर्ष | प्रकाशक |
|---|---|---|---|---|
| | | | | |

माथि उल्लिखित विवरण झुठा ठहरे कानुनबमोजिम सहुँला बुझाउँला ।

नाम:
हस्ताक्षर:
मिति:

नोट: क्र.सं.२ (ख) देखि (घ)सम्मका विवरणहरू थप गर्नुपर्ने भएमा छुट्टै कागज संलग्न गर्न सकिने छ । थपएिको कागजमा समेत हस्ताक्षर गरिएको हुनुपर्ने छ ।